फोन नं. ९८५७८५५८७६/९८४७८५५८७६

# गढवा बहुमुखी क्याम्पस

त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त

पत्र सं: २०८२/०८३

च.न. :

गढवा गाउँपालिका ६,गढवा दाङ

स्थापना : २०६५

मितिः २०८२/०७/२१

---

# क्याम्पसको वार्षिक प्रगति प्रतिवेदन

(बजेट :आ.व.२०८२/२०८३)

## वार्षिक प्रतिवेदन तयार गर्ने समिति

१ संयोजक : विकास रजौरे (क्याम्पस प्रमुख)
२ सदस्य : ठाकुर प्रसाद खनाल (सहायक क्याम्पस प्रमुख)
३ सदस्य : खिम प्रसाद घिमिरे (वि.एड. संयोजक)
४ सदस्य : दीपक कुमार यादव (लेखापाल)
५ सदस्य : गोविन्द वली (प्रशासनसहायक)

## क्याम्पस संचालक समितिबाट अनुमोदित मिति २०८२/०७/२१

### क्याम्पस संचालक समितिको विवरण

| क्र.सं. | पद | नाम थर |
|---|---|---|
| १. | अध्यक्ष | मेटमणि चौधरी |
| २. | सदस्य | यज्ञ बहादुर बुढाथोकी |
| ३. | सदस्य | रुमा अर्याल |
| ४. | सदस्य | तेजप्रसाद न्यौपाने |
| ५. | सदस्य | कपिलदेव खनाल |
| ६. | सदस्य | जगतराम यादव |
| ७. | सदस्य | कालीराम चौधरी |
| ८. | सदस्य | खगेश्वर शर्मा |
| ९. | सदस्य | दिपक कुमार यादव |
| १०. | सदस्य | लिखराम कुमाल |
| ११. | सदस्य | भावना सार्की |
| १२. | सदस्य सचिव | विकास रजौरे |
| १३. | सल्लाहकार सदस्य | राम प्रसाद गैरे |
| १४. | सल्लाहकार सदस्य | देबराज पाठक |
| १५. | सल्लाहकार सदस्य | गुणनिधि शर्मा |

## १. क्याम्पसको संक्षिप्त परिचय

वि.स. २०६५ सालमा स्थानिय शिक्षा प्रेमी, समाज सेवी, राजनितिज्ञ, बुद्धिजिवी, पत्रकार, उद्योग व्यवसायी, आम अभिभावकहरुको सक्रिय सहभागितामा यस गढवा बहुमुखी क्याम्पसको जन्म भएको हो । यो क्याम्पस स्थानिय समुदायमा आधारित सामुदायिक क्याम्पस हो । मानव विकास र समाज विकासमा शिक्षाको ठूलो भूमिका हुने र यस क्षेत्रमा उच्च मा.वि. उत्तिर्ण विद्यार्थीहरुलाई आफ्नै घर आँगनमा सर्वसुलभ रुपमा शिक्षा दिने उद्देश्यले यस क्याम्पसको स्थापना गरिएको हो । स्थापना काल संगसंगै आफ्नो स्वामित्वमा कुनैपनि जग्गा नभएकाले शुरुका दिनहरुमा जनता मा.वि. को भवनमा बिहानी शत्रमा कक्षा सञ्चालन हुँदै आएको थियो । पछि सर्वोदय सामुदायिक वनले आफ्नो स्वामित्व भएको २ बिगा, १२ कट्ठा जग्गा भोग चलनका लागि साधारण सभाबाट निर्णय गरिदिए संगै स्थानिय गा.वि.स., जि.वि.स. को सहयोग साथै स्थानिय जनश्रमदानबाट ५ कोठे भवन निर्माण भएको थियो । हाल सो भवनलाई स्थानिय पूर्वाधार कार्यक्रम अन्तर्गत विभिन्न सांसद ज्यूहरुको, तत्कालिन जिल्ला विकास समिति, क्याम्पसबाट संचालित महायज्ञबाट संकलित रकमबाट निर्माणाधिन १८ कोठे २ वटा भवन, पर्खाल निर्माण गरि हाल शिक्षा शास्त्र संकाय र मानविकी संकाय कक्षा संचालन भईरहेको छ । आर्थिक अभावका कारण अझै पनि प्रयाप्त भवन बन्न सकेको छैन भने अर्कोतिर कक्षा कोठाको अभावमा विद्यार्थीहरु बाहिर पढ्न बाध्य छन् ।

स्थापना संगसंगै यस क्याम्पसले मानविकि तथा शिक्षाशास्त्र संकाय सञ्चालन गर्दै आएकोमा आगामी वर्ष देखि व्यवस्थापन संकाय सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

वर्तमान परिवेशमा यस क्याम्पसमा बि.एड. र बि.ए. तर्फ अध्ययन गर्ने विद्यार्थी कुल संख्या २२० रहेको छ । जसमा अधिकांश महिला छन् भने महिला मध्ये जनजाति, दलित, आदिवासी, मुक्त कमलरी, मधेसी, मुस्लिम आदिको बाहुल्यता रहेको पाइन्छ । छोरी, बुहारी साथै आर्थिक रुपमा विपन्न वर्गहरुका निमित्त यस क्याम्पस उच्च शिक्षाको गन्तव्य स्थल बनेको अवस्था छ । महिला शिक्षाको विकास साथै आदिवासी एवम् जनजातिहरुको शिक्षामा यस क्याम्पसले ठुलो भूमिका खेलेको अवस्था छ । यस क्याम्पसलाई यसै क्षेत्रका शिक्षाप्रेमी, समाजसेवी, सरकारी संघसंस्था र त्रि.वि. अनुदान आयोग समेतको सहयोगबाट क्याम्पसको भौतिक र सञ्चालन सहयोगमा ठुलो टेवा प्राप्त भएको छ ।

यस क्याम्पस वरपर ८ वटा उच्च मा.वि. रहेका छन् भने उच्च शिक्षाका लागि यस क्याम्पसमा प्युठान जिल्ला, अर्घाखाँची जिल्ला र साथै दाङ जिल्लाका ४ वटा गा.पा. का लागि गन्तव्य स्थल बन्न सफल भएको छ । आर्थिक अभावका कारण यस क्याम्पसले आफ्नै क्याम्पसमा त्रि.वि. को परीक्षा सञ्चालन गर्न सकेको छैन ।

जिल्लामा एवम् मध्यपश्चिम विकास क्षेत्रमा उत्कृष्ट उत्तिर्ण प्रतिशत ल्याउन सफल यस क्याम्पस भौगोलिक रुपमा गढवा गा.पा. वडा नं. ६ मा अवस्थित छ । यस क्याम्पस वरपर ८ वटा उच्च मा.वि. रहेका छन् भने उच्च शिक्षाका लागि यस क्याम्पसमा ४ वटा गा.पा. का लागि गन्तव्य स्थल बन्न सफल भएको छ । यस गढवा बहुमुखी क्याम्पसको साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथिज्यूहरु, विभिन्न राजनितिक दलका प्रतिनिधिज्यूहरु, आजीवन सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, क्याम्पस संस्थापक सदस्यज्यूहरु, क्याम्पस सभाका सदस्यज्यूहरु, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, क्याम्पस सञ्चालक समितिका पदाधिकारीज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, पत्रकारज्यू, अभिभावकज्यूहरु, यस क्याम्पसमा सेवारत प्रध्यापक साथीहरु, कर्मचारीहरु, क्याम्पसमा अध्ययनरत सम्पूर्ण विद्यार्थी एवम् यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरु प्रति न्यानो अभिवादन प्रकट गर्न चाहन्छु । यस गरिमामय एघारौं वार्षिक साधारण सभामा यस क्याम्पसको शैक्षिक प्रतिवेदन पेश गर्न चाहन्छु ।

## २. शैक्षिक प्रगति

### क) क्याम्पसको विगत तिन वर्षको विद्यार्थी भर्ना तथा उत्तिर्ण दर विश्लेषण

यस क्याम्पसको विगत तिन वर्षको विद्यार्थी भर्ना संख्या परीक्षामा सहभागी संख्या, नियमित उपस्थित संख्या र टि.यु. को वार्षिक परीक्षामा उत्तिर्ण संख्या यस प्रकार रहेको छ ।

**स्पष्टिकरण**

(प.सं. : परीक्षामा सहभागि विद्यार्थी)

(क.नि. : कक्षामा नियमित आउने विद्यार्थी)

(उ. : टि.यु. परीक्षामा उत्तिर्ण विद्यार्थी)

### शैक्षिक सत्र २०७९/०८०

| | | २०७९ प्रथम वर्ष | | | | २०७९ दोस्रो वर्ष | | | | २०७९ तेस्रो वर्ष | | | | २०७९ चौथो वर्ष | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बि.एड | | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | |
| बि.एड | जम्मा | ३४ | २९ | २८ | ०६ | ७१ | ५६ | ३६ | ३५ | ५३ | ४३ | २४ | ११ | ६० | ६० | ३० | १६ | |
| बि.एड | छात्रा | २१ | १८ | १८ | ०४ | ५८ | ५० | ३० | २८ | ४६ | ३७ | १९ | ०७ | ५२ | ५२ | २६ | १० | |
| बि.एड | छात्र | १३ | ११ | १० | ०२ | १३ | ०६ | ०६ | ०७ | ०७ | ०६ | ०५ | ०४ | ०८ | ०८ | ०४ | ०६ | |
| बि.एड | दलित | ०४ | ०४ | ०३ | ०१ | १५ | १३ | १० | ०२ | १३ | ११ | ०७ | ०३ | १४ | १४ | ०७ | ०३ | |
| बि.एड | विपन्न | १५ | १३ | १३ | ०२ | ०८ | ०५ | ०४ | १८ | १५ | १२ | ०८ | ०३ | १४ | १४ | ०६ | ०३ | |
| बि.एड | जनजाती | ०९ | ०७ | ०७ | ०२ | ३६ | २६ | १८ | ०५ | १७ | १३ | ०६ | ०३ | २३ | २३ | १३ | ०८ | |
| बि.एड | अन्य | ०६ | ०५ | ०५ | ०१ | १२ | १२ | ०४ | १० | ०८ | ०७ | ०३ | ०२ | ०९ | ०९ | ०४ | ०२ | |
| | जम्मा | ३४ | २९ | २८ | ०६ | ७१ | ५६ | ३६ | ३५ | ५३ | ४३ | २४ | ११ | ६० | ६० | ३० | १६ | |

### शैक्षिक सत्र २०८०/०८१

| | | २०८० प्रथम वर्ष | | | | २०८० दोस्रो वर्ष | | | | २०८० तेस्रो वर्ष | | | | २०८० चौथो वर्ष | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बि.एड | | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | |
| बि.एड | जम्मा | ५४ | ४४ | ३० | १० | ३४ | २९ | २८ | ०६ | ७१ | ५६ | ३६ | ३५ | ५३ | ४३ | २४ | ११ | |
| बि.एड | छात्रा | ३२ | २७ | २७ | ०६ | २१ | १८ | १८ | ०४ | ५८ | ५० | ३० | २८ | ४६ | ३७ | १९ | ०७ | |
| बि.एड | छात्र | २२ | १७ | ०३ | ०४ | १३ | ११ | १० | ०२ | १३ | ०६ | ०६ | ०७ | ०७ | ०६ | ०५ | ०४ | |
| बि.एड | दलित | ७ | ०६ | ०३ | ०२ | ०४ | ०४ | ०३ | ०१ | १५ | १३ | १० | ०२ | १३ | ११ | ०७ | ०३ | |
| बि.एड | विपन्न | १९ | १६ | १२ | ०४ | १५ | १३ | १३ | ०२ | ०८ | ०५ | ०४ | १८ | १५ | १२ | ०८ | ०३ | |
| बि.एड | जनजाती | २० | १८ | १२ | ०४ | ०९ | ०७ | ०७ | ०२ | ३६ | २६ | १८ | ०५ | १७ | १३ | ०६ | ०३ | |
| बि.एड | अन्य | ०८ | ४ | ०३ | ०१ | ०६ | ०५ | ०५ | ०१ | १२ | १२ | ०४ | १० | ०८ | ०७ | ०३ | ०२ | |
| | जम्मा | ५४ | ४४ | ३० | १० | ३४ | २९ | २८ | ०६ | ७१ | ५६ | ३६ | ३५ | ५३ | ४३ | २४ | ११ | |

### शैक्षिक सत्र २०८१/०८२

| | | २०८१ प्रथम वर्ष | | | | २०८१ दोस्रो वर्ष | | | | २०८१ तेस्रो वर्ष | | | | २०८१ चौथो वर्ष | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बि.एड | | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | भर्ना | प.स | क.नि | उ. | |
| बि.एड | जम्मा | ३४ | २४ | २४ | | ५४ | ४४ | ३० | १० | ३४ | २९ | २८ | ०६ | ७१ | ५६ | ३६ | ३५ | |
| बि.एड | छात्रा | २४ | १८ | १८ | | ३२ | २७ | २७ | ०६ | २१ | १८ | १८ | ०४ | ५८ | ५० | ३० | २८ | |
| बि.एड | छात्र | १० | ६ | ६ | | २२ | १७ | ०३ | ०४ | १३ | ११ | १० | ०२ | १३ | ०६ | ०६ | ०७ | |
| बि.एड | दलित | ४ | २ | २ | | ७ | ०६ | ०३ | ०२ | ०४ | ०४ | ०३ | ०१ | १५ | १३ | १० | ०२ | |
| बि.एड | विपन्न | १२ | ८ | ८ | | १९ | १६ | १२ | ०४ | १५ | १३ | १३ | ०२ | ०८ | ०५ | ०४ | १८ | |
| बि.एड | जनजाती | १३ | ९ | ९ | | २० | १८ | १२ | ०४ | ०९ | ०७ | ०७ | ०२ | ३६ | २६ | १८ | ०५ | |
| बि.एड | अन्य | ५ | ५ | ५ | | ०८ | ४ | ०३ | ०१ | ०६ | ०५ | ०५ | ०१ | १२ | १२ | ०४ | १० | |
| | जम्मा | ३४ | २४ | २४ | | ५४ | ४४ | ३० | १० | ३४ | २९ | २८ | ०६ | ७१ | ५६ | ३६ | ३५ | |

यस क्याम्पसको विगत १० वर्षको इतिहास हेर्दा प्रथम वर्षमा भर्ना भई अन्तिम वर्ष पार गर्दासम्म प्रथम वर्षमा भर्ना भएका विद्यार्थी चौथो वर्षमा पुग्दा २५ देखि ३५ प्रतिशत विद्यार्थी मात्र नियमित हुने अवस्था देखिन्छ । करिब चौथो वर्षमा पुग्दा ६० देखि ७० प्रतिशत विद्यार्थी आफ्नो नियमित पढाई कार्यक्रम छोडिसकेको अवस्था भेटिन्छ । साथै कक्षाको नियमितता हेर्दा प्रथम वर्षमा करिब ८० प्रतिशत विद्यार्थी नियमित कक्षामा आउँछन भने दोस्रो तेस्रो वर्षमा कक्षामा नियमित आउने विद्यार्थीको संख्या क्रमश: घट्दै गएको पाइन्छ ।

ख) विगत तिन वर्षको स्नातकतह उत्तिर्ण विद्यार्थीहरुको तथ्याङ्क विश्लेषण

| कार्यक्रम (ब.एड.) | उत्तिर्ण संख्या शै.स. २०७९/०८० | उत्तिर्ण संख्या शै.स. २०८०/०८१ | उत्तिर्ण संख्या शै.स.२०८१/०८२ | कैफियत |
|---|---|---|---|---|
| जम्मा | ६८ | ५२ | ४८ | |
| छात्र | १९ | १३ | १६ | |
| छात्रा | ३९ | ३९ | ३२ | |
| दलित | ०९ | ०६ | ०३ | |
| जनजाति | १८ | १० | ०९ | |
| शैक्षिक रुपमा पिछडिएको | ०५ | ०७ | ०६ | |

ग) संचालित कार्यक्रमहरु : बि.एड. / बि.ए. / बि.बि.एस.

घ) शैक्षणिक विधि :

- व्याख्या, विश्लेषण
- छलफल विधि
- प्रदर्शन विधि
- शैक्षिक भ्रैमण
- खेलकुद विधि
- प्रोजेक्टर विधि

## भौतिक प्रगति

(गत तिन वर्षको भौतिक अवस्थाको विश्लेषण)

**आ.व. २०७९/०८० मा क्याम्पसमा थप भएको भौतिक अवस्था :**

१. तराई मधेश समृद्धि कार्यक्रमबाट प्राप्त रु. ३९,१०,९३०/- बराबरको वाल निर्माण, २७५ मिटर तारबार भएको, मोटरसाईकल पार्किङ निर्माण भएको, ब्याडमिन्टन कोर्ट निर्माण भएको ।

**आ.व. २०८०/०८१ मा क्याम्पसमा थप भएको भौतिक अवस्था :**

१. विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रु. ५,००,०००/- बाट ४० सेट डेस्क बेन्च, १० थान सेतो पाटी, ३ थान बुक र्‍याक र १ थान पोडियम खरिद गरिएको साथै उपकरण खरिद वापत प्राप्त ५,००,०००/- बाट १ थान ल्यापटप, ३ थान प्रोजेक्टर, १ थान स्मार्ट बोर्ड, १ थान फोटोकपी मेसिन, ३ थान कम्प्युटर खरिद गरिएको ।

**आ.व. २०८१/०८२ मा क्याम्पसमा थप भएको भौतिक अवस्था :**

१. यस आर्थिक वर्षमा क्याम्पसमा थप भौतिक निर्माण नभएको ।

## शैक्षिक सामाग्रीहरु :

**ICT** अन्तर्गत

- ३ थान ल्यापटप, ३ थान प्रोजेक्टर, १ थान स्मार्ट बोर्ड
- १५ थान डेस्कटप कम्प्युटर (इन्टरनेट जडित)
- ३ थान प्रिन्टर, २ थान फोटोकपी मेसिन
- ४०० थान पुस्तक (१३६१ थान पुस्तक यस वर्ष थप गरिएको)
- ५० थान सन्दर्भ सामाग्रीहरु
- १२८ सेट डेस्क बेन्च, २४ थान सेतो पाटी, ६ थान टेबुल, १६ थान काठ कुर्सी, ७ थान बुक र्‍याक, ४ थान दराज, १६ थान प्लाष्टिक कुर्सी २ थान दराज र १ थान पोडियम

## आर्थिक प्रगति

**विगत तिन वर्षको क्याम्पसको आर्थिक श्रोतहरुको विश्लेषण :**

| क्र.स. | आम्दानीको स्रोत | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
|---|---|---|---|---|
| १. | यू.जि.सी. | १२,००,०००।- नियमित अनुदान | १९,८३,८००।- नियमित अनुदान वापतः ९८३८००।- -उपकरण खरिद र फर्निचर खरिदबाट प्राप्त १०,००,०००।- | १३,३७,०००।- |
| २. | महायज्ञबाट | १,८१,६५०।- | ५,५५,५५५।- | ० |
| ३. | प्रदेश अनुदान | ० | ० | ० |
| ४. | विद्यार्थी शुल्क | १७,७४,१६६।- | १७,८७,३११।- | २४,२६,९५५।- |
| ५. | तराई मधेश समृद्धि अनुदान | ३९,१०,९६०।- | ० | ० |
| ६. | आन्य आम्दानी | ७२,१०३।७२ | ४,४८,३३१।२६ | ४,४२,५२८।७४ |
| | **जम्मा** | **७१,३८,८४९।७२** | **४७,७४,९९७।२६** | **४२,०६,५०३।७४** |

## विगत तिन वर्षको क्याम्पसको खर्च/व्ययको विश्लेषण :

| क्र.स. | खर्च/व्यय | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
|---|---|---|---|---|
| १. | तलब | ३१,०७,३००।- | ३७,१९,०००।- | ३८,०७,०००।- |
| २. | सूचना विज्ञापन | ११,७००।- | ३८,५४०।- | १४,५००।- |
| ३. | परीक्षा | ४,०४,५००।- | ४,१२,७२५।- | ४,५२,८२०।- |
| ४. | यातायात | २,००,४००।- | ८५,५००।- | ३,९५,८७५ |
| ५. | विविध | २३,१६,०९४।७२ | १२,३९,२७९।३० | ३१७९४५६।१६ |
| ६. | रजिष्ट्रेसन | ८,०००।- | ० | ० |
| ७. | ले.प. | १५,०००।- | १५,०००।- | १५,०००।- |
| ८. | ले.प. भ्याट | १,९५०।- | १,९५०।- | १,९५०।- |
| ९. | अतिथि सत्कार | ६४,२००।- | ४४,९६५।- | १६,१२०।- |
| १०. | मर्मत | २८,८००।- | ० | २५,८००।- |
| ११. | मसलन्द | १,१५,६२५।- | ५१,८४२।- | ६०,४६५।- |
| १२. | विद्युत/मर्मत | ५१,९४५।- | २८,१२६।- | १०,५३६।- |
| १३. | ह्रासकट्टी | ८,१३,३३५।- | ९,२१,०४६।९१।- | ९,५६,०२८।३२।- |
| १४. | बचत | (२१,९१,३४३।-) | (६,१९,६३९।६५।-) | (१६२९८६५।५८।-) |
| | **जम्मा** | **७१,३८,८४९।७२।-** | **४७,७४,९९७२६।-** | **४२,०६,५०३।७४** |

## लेखापरिक्षण विश्लेषण:

**विगतको लेखापरिक्षण रिपोर्टबाट उठाईएका केही मुद्धाहरु र तिनीहरुको न्यूनीकरणका लागि अपनाईएका चरणहरु :**

### १. मुद्धा तथा चुनौतीहरु

- दोहोरो लेखा श्रेस्ता स्पष्ट राख्नुपर्ने ।
- सम्पूर्ण विल, भ्याट वा पाना नं मा हुनुपर्ने ।
- क्याम्पसको खर्च भर्पाई भन्दा विलमा जोडदिनु पर्ने ।
- क्याम्पसको सम्पूर्ण आम्दानीको लागि मुख्य बैंक खाता खोल्नुपर्ने ।
- पेटि क्यास १०,०००/- सम्म राख्नु पर्ने ।

### २. समाधान (न्यूनीकरण) का उपायहरु

- लेखापाललाई सामान्य तालिम दिईएको
- क्याम्पसमा उठेको नगद एउटै खातामा ३ दिन भित्र जम्मा गर्नुपर्ने नियम बनाईएको ।
- भुक्तानी दिदा रु १०००/- भन्दा माथिको रकम चेकबाट दिनुपर्ने व्यवस्था गरिएको ।
- समितिको निर्णय अनुसार रु १०,०००/- माथिको खर्च गर्ने व्यवस्था मिलाईएको ।

## सामाजिक प्रगति

### १. सामाजिक क्रियाकलापहरुमा क्याम्पसको संलग्नता

- स्वास्थ्य विषय शिक्षकबाट गाउँ टोलमा सरसफाई कार्यक्रम वर्षमा २ पटक गर्ने गरेको ।
- कोभिड-१९ को समयमा गा.पा. को अनुरोधलाई मध्यनजर गर्दै क्वारेन्टाइनको लागि भवन उपलब्ध गराईएको ।
- दलित जनजातिहरुलाई उच्च शिक्षा लिन क्याम्पसमा भर्ना हुन प्रोत्साहन गरिएको ।
- अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुलाई सहभागी बनाईएको ।
- गरिब परिवारका विद्यार्थीहरुलाई अप्ठ्यारोपर्दा सामान्य सहयोग गरिएको ।
- निर्वाचनको समयमा सुरक्षा निकायलाई आवासको निमित्त भवन उपलब्ध गराईएको ।
- स्व.वि.यू. विद्यार्थीबाट बेला-बेलामा रक्तदान कार्यक्रमको आयोजना गरिएको ।

### २. क्याम्पसको लागि समुदायको योगदान

- क्याम्पस सभा सदस्यबनी सहयोग गरेको ।
- भवन निर्माणमा जनसहयोग गरी सहयोग पुर्याएको ।
- आफ्नै गाउँ ठाउँको क्याम्पसमा भर्ना हुन पढ्नका लागि अभिभावक विद्यार्थीहरुलाई प्रोत्साहन गरिएको ।
- क्याम्पसको स्थाईत्वकोलागि समुदायले जग्गा र बाटो उपलब्ध गराएको ।

### ३. समुदायको योगदानका लागि क्याम्पसको योजना

- बेला बेलामा रक्तदान कार्यक्रम गर्ने ।
- क्याम्पस सभा सदस्य वृद्धिमा पहल गरिएको ।
- समुदायमा रहेका अति विपन्न तथा दलित, अपाङ्ग विद्यार्थीहरुलाई उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउन ।
- समावेशी रुपमा समिति बनाउन पहल गर्ने ।
- खेलकुद कार्यक्रम आयोजना गर्ने ।
- विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

### ४. क्याम्पसमा समुदायको संलग्नता वृद्धिका लागि योजना

- क्याम्पस सभा सदस्य बनाउन प्रयत्न गर्ने ।
- अक्षयकोष दाता, चन्दादाता, विदेश गएका विद्यार्थी अभिभावकहरुलाई सम्पर्क गर्ने र क्याम्पसको विकासको निमित्त सहयोग पुऱ्याउन आग्रह गर्ने ।
- बेला बेलामा अभिभावक भेला राखी शैक्षिक स्तर उकास्ने काम गर्नु पर्ने ।
- विद्यार्थीको आवत जावतको लागि बस संचालनमा ल्याईएको ।
- चन्दादाताहरुको नाम शिलालेखमा लेखि क्याम्पसको अपनत्व अभिभावकलाई दिलाउन प्रयत्न गर्ने कामको निरन्तरता दिने ।

## मुद्धा तथा चुनौतीहरु

### १. अल्पकालिन

- विद्यार्थीलाई नियमित कक्षामा उपस्थित गराउन नसकिएको ।
- विद्यार्थीलाई पाठ्यपुस्तक निःशुल्क वितरण गर्न नसकिएको ।
- चमेना गृह, बगैंचा, कम्पाउण्ड वाल बनाउन नसकिएको ।
- समय सापेक्ष विद्यार्थीको माग अनुसार शैक्षिक कार्यक्रम थप गर्न नसकिएको ।

## २. दिर्घकालिन

- भौतिक पूर्वाधार अभाव रहेको ।
- शिक्षक कर्मचारीलाई त्रि.वि. नियम अनुसार सेवा सुविधा दिन नसकिएको ।
- समय सापेक्ष विद्यार्थीको माग अनुसार नयाँ नयाँ शैक्षिक कार्यक्रम (प्राविधिक) थप गर्न नसकिएको, जुन (प्राविधिक) कार्यक्रम थप्न सकेमा संचालन गर्न सजिलो हुने ।
- क्याम्पसको लागि नियमित स्थायी आम्दानीको श्रोत बनाउन नसकीएको जस्तै : बजार क्षेत्रको । ऐलानी जग्गामा क्याम्पसको लागि केही नियमित आम्दानी जग्गा उपलब्ध भएमा भाडा प्राप्त गरी गर्न सकीने गा.पा. को संचालन खर्च, प्रदेश सरकारको संचालन खर्च आदी ।

## ३. मुद्दा तथा चुनौतिहरु न्यूनीकरणका लागि अपनाईएका रणनीतिक उपायहरु :

- कक्षाकोठा पाटेशन गरी कक्षा संचालनमा ल्याईएको ।
- शिक्षक कर्मचारीलाई ५ पिरियड पढाउन लगाईएको ।
- पारिश्रमिक त्रि.वि. को ६०% उपलब्ध गराईएको ।
- नयाँ शैक्षिक कार्यक्रम माग्ने प्रयास भएको ।
- गा.पा., राजनितिक दल, प्रदेश सरकारका भेला सेमिनारमा नियमित खर्च उपलब्ध गराउनको लागि आवाज उठाउँदै आएको ।

## ४. मुद्दा तथा चुनौतिहरु सम्बोधनका योजनाहरु :

- शिक्षक, कर्मचारीहरुलाई आगामी दिनमा तलब सुविधा राम्रो दिनेछौं भनी आश्वासन दिएको ।
- पठनपाठनलाई सुधार्न १ सेट किताब प्रत्येक विद्यार्थीलाई उपलब्ध गराईएको ।
- नियमित विद्यार्थी क्याम्पसमा ल्याउन हाजिर गर्ने व्यवस्था मिलाईएको ।

यस आ.व. को बजेट तथा वार्षिक कार्ययोजना (रणनितिक योजना अनुसार)

| क्र.स. | शिर्षक | अनुमानित आय व्यय २०८१/०८२ |
|---|---|---|
| १. | यू.जि.सी. अनुदान | १५,००,०००।- |
| २. | महायज्ञबाट | २५,००,०००।- |
| ३. | सांसद विकास कोष | ० |
| ४. | विद्यार्थी शुल्क | २५,००,०००।- |
| | **जम्मा** | **६५,००,०००।-** |
| | **खर्च** | |
| १. | तलब | ४२,३९,०००।- |
| २. | सूचना विज्ञापन | २०,०००।- |
| ३. | परीक्षा | ४,५०,८००।- |
| ४. | यातायात | १,००,०००।- |
| ५. | विविध | २,००,०००।- |
| ६. | रजिष्ट्रेसन | १७,०००।- |
| ७. | ले.प. | १५,०००।- |
| ८. | ले.प. भ्याट | १,९५०।- |
| ९. | अतिथि सत्कार | ४५,०००।- |
| १०. | मर्मत | २५,०००।- |
| ११. | मसलन्द | १,२०,०००।- |
| १२. | विद्युत | १५,०००।- |
| १३. | ह्रासकट्टी | ९,००,०००।- |
| १४. | शौचालय | ३,५१,२५०।- |
| | **जम्मा** | **६५,००,०००।-** |

अन्तमा हाम्रो निमन्त्रणालाई स्विकार गरि यस भेलामा आउनुहुने सम्पूर्ण आजीवन सदस्य, अभिभावक, समाजसेवी, बुद्धिजिवी महानुभावहरुलाई क्याम्पसको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आगामी दिनमा क्याम्पसलाई सदैव रचनात्मक सुझाव सल्लाह दिनुहुनेछ भन्ने अपेक्षाका साथ बिदा हुन्छु धन्यवाद ।

........................

क्याम्पस प्रमुख

(विकास रजौरे)

This document was created with the Win2PDF “Print to PDF” printer available at

https://www.win2pdf.com

This version of Win2PDF 10 is for evaluation and non-commercial use only.
Visit https://www.win2pdf.com/trial/ for a 30 day trial license.

This page will not be added after purchasing Win2PDF.

https://www.win2pdf.com/purchase/